# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि भन्सार विभागसँग सम्बन्धित २०७४ बैशाख देखि असार सम्मका सूचनाहरु उक्त दफा ५ को उपदफा (४) बमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ ।

**(क) निकायको स्वरुप र प्रकृतिः-** नेपाल सरकारको कार्य सञ्चालनको लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९ वमोजिम स्थापित ३१ वटा मन्त्रालयहरु मध्ये अर्थ मन्त्रालय अन्तर्गत रही राजस्व प्रशासन क्षेत्रसँग सम्बद्ध कार्य गर्ने विभागीयस्तरको निकायको रुपमा भन्सार विभाग क्रियाशिल रहेको छ ।

**(ख) निकायको काम, कर्तव्य र अधिकारः-** भन्सार विभागको काम, कर्तव्य र अधिकार देहाय अनुसार तोकिएका छन् :-

- भन्सार प्रशासनसँग सम्बद्ध विषयहरुमा नीति तर्जुमा गरी अर्थ मन्त्रालयमा सिफारिस गर्ने ।
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरे बमोजिमका व्यक्तिहरुले वैंक जमानत, सोही सूचनामा तोकिएवमोजिम मालवस्तुमा महसुल छुट सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा प्रदान गर्ने ।
- आयात निर्यातलाई व्यवस्थित गरी व्यापार सहजीकरण गर्ने ।
- भन्सार सुधार तथा आधुनिकीकरणका निम्ति योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने, इन्टेलिजेन्स तथा जोखिम व्यवस्थापन मार्फत राजस्व परिचालनलाई सुरक्षित बनाउने, अवैध व्यापार नियन्त्रण गर्ने ।
- निषेधित एवम् प्रतिबन्धित मालवस्तु ओसारपसार निगरानी गरी समाजलाई सुरक्षित बनाउने ।
- मातहतका कार्यालयहरुको नियमित अनुगमन गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउने ।
- कर्मचारीहरुको मनोबल अभिवृद्धि एवम् सदाचार पद्धतिको विकासमा ध्यान दिने ।
- विद्यमान ऐन कानून अनुरुप समूचित राजस्व सङ्कलन गर्ने ।
- वण्डेड वेयरहाउसको सुविधा प्रदान तथा नविकरण गर्ने ।
- भन्सार एजेन्टको इजाजतपत्र प्रदान तथा नविकरण गर्ने ।

- भन्सार राजस्व लक्ष्य अनुसार संकलन गर्ने ।
- भन्सार कार्यालयहरुमा आवश्यक बजेट उपलब्ध गराउने ।
- बढुवा नयाँ भर्ना बाहेक जनशक्ति व्यवस्थापन गर्ने ।
- स्वेदशी तालिममा मनोनयन गर्ने, विदेशी तालिम मनोनयनको लागि सिफारिस गर्ने ।
- जिन्सी निरीक्षण र व्यवस्थापन गर्ने ।
- विभाग तथा कार्यालयहरुको बजेट तर्जुमा, निकासा र वाँडफाँड गर्ने ।
- बजेट खर्च तथा अनुगमन गर्ने ।
- केन्द्रीय हिसाव राख्न आर्थिक विवरण तयार गर्न र म.ले.प. गराउने ।
- वेरुजु फछ्र्यौट गर्ने गराउने ।
- स्थानीय भन्सार कार्यालयको नियमित अनुगमन / निरीक्षण गर्ने ।
- भन्सार एजेन्टको नियुक्ति नविकरण तथा अनुगमन गर्ने ।
- विश्व भन्सार संगठन सित आवश्यक सूचना प्रवाह गर्ने ।
- बैंक ग्यारेन्टीको अनुगमन गर्ने ।
- कारोवार मुल्यको अनुगमन गर्ने र कार्यालयलाई मूल्यांकनको तथ्यांक उपलब्ध गराउने ।
- स्थानीय भन्सार नाकाहरुवाट निर्धारण गरेका कारोवार मूल्यको विश्लेषण गर्ने ।
- मूल्यांकन सम्बन्धी पुनरावलोकन गर्ने ।
- छनौटको आधारमा Post Clearance Audit (PCA) गराउने ।
- भन्सार सूचना प्रणाली (ASYCUDA) विस्तार कार्यान्वयन र अनुगमन गर्ने ।
- भन्सार प्रशासनलाई यान्त्रिकरण तथा आधुनिकीकरण गर्ने योजना वनाउने ।
- विद्युतीय संचार प्रणाली प्रभावकारी रुपमा विकास गराउने ।
- राजस्वको दैनिक, मासिक तथा वार्षिक असूली अभिलेख अद्यावधिक गर्ने, तथ्यांक प्रशोधन तथा विश्लेषण गर्ने ।
- वार्षिक रुपमा वैदेशिक व्यापारको वस्तुगत तथ्यांक विवरण तयार गर्ने ।
- द्विविधा परेका वस्तुहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शवाट वर्गीकरणको टुंगो लगाउने ।
- भन्सार दरवन्दी संशोधनको प्रारम्भिक प्रस्ताव तयार गर्ने र निर्णय भएपछि दरवन्दी पुस्तिका प्रकाशित गर्ने ।
- कानून बमोजिम भन्सार महसुल छुट दिने ।

- भन्सार कार्यालयहरु निरीक्षण तथा अनुगमन गरी सुधारका निम्ती कार्ययोजना वनाई लागू गर्ने ।
- विभिन्न किसिमको रासायनिक पदार्थ र अन्य वस्तुहरुको नमूना परीक्षण गरी वर्गीकरणको निर्णय गर्ने ।
- भन्सार प्रशासनसँग सम्वन्धीत उजुरीको आवश्यक फछ्र्यौट गर्ने ।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्यविवरणः-**

**कर्मचारी संख्याः**

- रा.प. प्रथम श्रेणी (प्रशासन) पद संख्या ३
- रा.प. द्बितीय श्रेणी (राजस्व) पद संख्या ६
- रा.प. द्बितीय श्रेणी (प्रशासन) पद संख्या १
- रा.प. द्बितीय श्रेणी (लेखा) पद संख्या १
- रा.प. द्बितीय श्रेणी (केमिष्ट्री) पद संख्या १
- रा.प. द्बितीय श्रेणी (आर्थिक योजना तथा तथ्यांक) पद संख्या १
- रा.प. द्बितीय श्रेणी (विविध) पद संख्या २
- रा.प. तृतीय श्रेणी (राजस्व) पद संख्या २१
- रा.प. तृतीय श्रेणी (सा.प्र.) पद संख्या २
- रा.प. तृतीय श्रेणी (विविध) पद संख्या ११
- रा.प. तृतीय श्रेणी (इन्जि कम्प्यू) पद संख्या ३
- रा.प. तृतीय श्रेणी (लेखा) पद संख्या १
- रा.प. तृतीय श्रेणी (आर्थिक योजना तथा तथ्यांक) पद संख्या २
- रा.प. तृतीय श्रेणी (कानून) पद संख्या १
- रा.प. तृतीय श्रेणी (केमिष्ट) पद संख्या ३
- माइक्रोबायोलोजिष्ट (सेवा करार) पद संख्या १
- रा.प.अ. प्रथम श्रेणी (राजस्व) पद संख्या २८
- रा.प.अ. प्रथम श्रेणी (लेखा) पद संख्या २
- रा.प.अ. प्रथम श्रेणी (विविध) पद संख्या २
- रा.प.अ. प्रथम श्रेणी (केमिष्ट्री) पद संख्या २

- रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) पद संख्या १
- रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) टाइपिष्ट पद संख्या ४
- रा.प.अ. प्रथम श्रेणी (आर्थिक योजना तथा तथ्यांक) भ.स.नि. पद संख्या १
- रा.प.अ. द्वितीय श्रेणी (इलेक्ट्रिसियन) पद संख्या १
- रा.प.अ. द्वितीय श्रेणी (अ.ल्या.टे.) पद संख्या १
- हलुका सवारी चालक पद संख्या १०
- ल्याब व्याई (सेवा करार) पद संख्या १
- कार्यालय सहयोगी पद संख्या २०
- स्वीपर पद संख्या २

**कूल जम्मा १३५**

**(ङ) सम्पादन गरेको कामको विवरणः-**

- वण्डेड वेयर हाउस सुविधाको लागि नयाँ इजाजतपत्र प्रदान गरिएको सङ्ख्या- ० वटा ।
- वण्डेड वेयर हाउस सुविधाको लागि इजाजतपत्र नविकरण गरिएको सङ्ख्या- ७७ वटा ।
- भन्सार एजेन्टको इजाजतपत्र नविकरण गरिएको सङ्ख्या- ८३ वटा ।
- Hot line, Hello सरकार लगायत विभिन्न निकायमा परेका ६ वटा उजुरीहरुको फछ्र्यौट गरिएको ।
- महसुल वर्गीकरणको गरिएको - ८ वटा ।
- श्रावण देखी फाल्गुन सम्मको अवधिमा रु ६८९६५०००।- वेरुजु फछ्र्यौट गरिएको ।
- WAN अन्तर्गत प्रत्यक्ष अनुगमनवाट देखिएका कैफियतहरुको सच्याउन लगाएको कारणवाट रु. ४६१९६०२।- थप प्राप्त राजस्व प्राप्त भएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम ३१० वटा consignment हरुमा कुटनैतिक सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम २३३ वटा consignment हरुमा महसुल सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम विभिन्न आयोजनाहरुको ९४ वटा consignment का लागि छुट सुविधा प्रदान गरिएको ।

- ५३२ वटा वस्तुहरुको प्रयोगशाला परीक्षण संख्या तथा वर्गीकरण गरिएको ।
- ० पटक भन्सार मूल्यांकन गोष्ठी सम्पन्न भएको ।
- विभिन्न माध्यम (सेवाग्राही स्वयं उपस्थिति, टेलिफोन सम्पर्क र ईमेल) वाट जम्मा ४७८३ जना सेवाग्राहीवाट सोधिएका मुख्य मुख्य प्रश्नहरुको जवाफ प्रदान गरिएको ।
- आर्थिक ऐन, २०७३ को दफा १९ बमोजिम पटके रुपमा विभिन्न वस्तुहरुमा दिइएको महसुल छुटको विवरण प्राप्त भए सम्मको अध्यावधिक गरिएको ।
- अर्थ मन्त्रालयबाट स्वीकृत विभिन्न आयोजनाहरुको माष्टर लिष्ट अनुसार दिइएको छुटको विवरण अध्यावधिक गरिरहेको ।
- भन्सार सुधार तथा आधुनिकीकरण रणनिति र कार्ययोजना ( CRMSP) 2017-2021 लाई नेपालीमा अनुवाद गर्ने काम भइरहेको ।
- ६ वटा वन्डेड वयरहाउसको आकस्मिक निरिक्षण गरी प्रतिवेदन प्राप्त भएको ।
- WCO द्वारा तयार गरिएको हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणाली (छैठौं संस्करण २०१७) बमोजिम अध्यावधिक पुस्तक ( English Version) को नेपाली संस्करण तयारी गर्ने क्रममा साविकको भन्सार दरबन्दीमा भएका मालवस्तुको शीर्षक उपशीर्षक व्याख्या तथा विवरण अध्यावधिक गर्ने कार्य भइरहेको ।
- राजस्व परामर्श समितिको कार्यादेश अनुसार आगामी आ.व. २०७४।०७५ को आर्थिक विधेयकका सन्दर्भमा प्राप्त सुझावहरुमा छलफल भई अन्तिम प्रतिवेदन तयार गरी राजस्व परामर्श समितिमा पेश गरिएको ।
- Baby Belt लगायत अन्य सामानको पुन: मूल्यांकन गर्न विराटनगर भन्सार कार्यालयलाई लेखी पठाइएको ।
- नयाँ भन्सार एजेन्टको प्रक्रिया अघि बढाउने क्रममा यस अघि आव्हान गरिएको विज्ञापन रद्द गरी दरखास्त बापतको रकम फिर्ता गर्ने निर्णय गरिएको ।
- कृष्णनगर भन्सार कार्यालयमा Asycuda World प्रणालीको सुरुवात गरियो ।
- भन्सार विभाग तथा अन्तर्गतका कार्यालयहरुको संक्षिप्त O & M कार्य सम्पन्न गरि प्रतिवेदन पेश गरेको ।
- पाँचौ चरणको भन्सार सुधार तथा आधुनिकिकरण रणनिति एवं कार्ययोजना (२०१७-२०२१) कार्यान्वयनको लागि ADB बाट २० मिलियन अमेरिकी डलर ऋण सह्योग र १ मिलियन अमेरिकी डलर प्राविधिक सहायता स्वरुप उपलब्ध गराउने सम्बन्धमा ADB सँग Loan Negotiation को कार्य सम्पन्न गरिएको ।
- EXIM Code प्रणाली तथा कार्यविधिमा पहिलो संशोधन गरी सो सम्बन्धमा जानकारी दिने उद्देश्यले सूचना प्रकाशित समेत गरियो ।

- EXIM Code प्रणाली तथा कार्यविधि सम्बन्धमा भन्सार विभागको सभाहलमा उद्योगी व्यावसायीहरु, भन्सार एजेन्टहरु तथा सरोकारवालाहरु बीच छलफल तथा अन्तर्क्रिया र पत्रकार सम्मेलन सम्पन्न भएको ।
- EXIM Code कार्यान्वयनमा आएपछि देखिन सक्ने प्राविधिक समस्याहरु तत्काल निराकरण गर्ने गरी प्राविधिक समिति गठन गर्नुका साथै विभिन्न क्षेत्रमा भएको छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरुको समिक्षा गर्दै कार्यविधिमा आवश्यक संशोधन समेतको सिफारिस गर्ने गरी EXIM Code कार्यान्वयन कार्यसमितिको बैठक सम्पन्न भएको ।
- भन्सार विभागका महानिर्देशकको अध्यक्षतामा गठित राष्ट्रिय भन्सार व्यापार सहजीकरण समितिको बैठक आयोजना गरिएको ।
- पैठारी भएका विभिन्न ५ मालवस्तुहरुको पुनः मूल्यांकन गर्न विराटनगर, भैरहवा, मेची र रसुवा भन्सार कार्यालयलाई लेखी पठाइएको ।
- संशोधित क्योटो अभिसन्धिको प्रावधान अनुकुल हुने गरी भन्सार कानुन संशोधनका लागि प्रारम्भिक मस्यौदा उपर सरोकारवाला निकायहरुबीच छलफल गरिएको ।
- Asycuda World को संचालन गर्ने कार्य विधि सम्बन्धी Functional र Technical Manual तयार गर्ने कार्य भइरहेको ।
- त्रि.वि.स्थल भन्सार कार्यालयमा Asycuda World कार्यान्वयनमा ल्याउन तहाँ कार्यरत कर्मचारी तथा एजेन्टहरुलाई उक्त प्रणालीको प्रयोग सम्बन्धी तालिम दिइयो ।
- EXIM Code प्रणाली तथा कार्यविधि सम्बन्धमा वीरगन्ज, विराटनगर र भैरहवामा उद्योगी व्यावसायीहरु, भन्सार एजेन्टहरु तथा सरोकारवालाहरु बीच छलफल तथा अन्तर्क्रिया सम्पन्न र EXIM Code वितरण समेत गरिएको ।
- ADB को सह्योगमा Asycuda World कार्यान्वयन गरिएको सबै कार्यालयहरुको प्रतिनिधिहरुसँग पृष्ठपोषण लिने हेतुले Asycuda World कार्यान्वयन सम्बन्धी तीन दिने Review Workshop गरिएको ।
- आर्थिक विधयेकमा भएको संशोधन अनुरुप आशिकुडा प्रणालीमा प्रविष्टि गरिएको ।
- भन्सार ऐन २०६४ र भन्सार नियमावली २०६४ को अद्यावधिक गर्ने काम सुरु गरिएको ।
- पैठारी भएका विभिन्न ५ मालवस्तुहरुको पुनः मूल्यांकन गर्न विराटनगर, सुक्खा बन्दरगाह, मेची र रसुवा भन्सार कार्यालयलाई लेखी पठाइएको भन्सार व्यवस्थापन गोष्ठीका लागि भन्सार जाँचपास परीक्षण कार्यालय लगायत सबै मूल भन्सार कार्यालयहरुलाई आवश्यक राय सुझाव पठाउन पत्राचार गरिएको ।
- चालु आ.व. को भन्सार विभाग र कार्यलयहरुको वार्षिक कार्ययोजना तयारीको चरणमा

रहेको ।

- Asycuda World का लागि Middle Ware SO Class खरिद सम्झौता बमोजिम भन्सार विभाग तथा Asycuda System संचालित भन्सार कार्यालयको इन्जिनियर तथा अधिकृतहरुको सहभागितमा So Class सम्बन्धि तालिम सम्पन्न गरियो।
- यस विभागको निर्देशक तथा अन्य अधिकारीहरु र Single Window को Primary Stakeholdera हरुको उपस्थितिमा Single Window System सम्बन्धि SGS परामर्शदाताले गरेको कार्य सम्बन्धि अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो ।
- EXIM System र Asycuda System बीचको Interface को कार्य सम्पन्न भई Asucuda World System मा EXIM Code बाट कार्य हुने व्यवस्था मिलाईएको ।
- EXIM Code वितरण कार्य द्रुत रुपमा संचालन भएको र असार मसान्तसम्म २७८३ वटा EXIM Code वितरण गरिएको ।
- EXIM Code प्रणाली तथा कार्यविधि सम्बन्धमा धनगढी, भरतपुर र जलेश्वरमा उद्योगी व्यावसायीहरु, भन्सार एजेन्टहरु तथा सरोकारवालाहरु बीच छलफल तथा अन्तर्क्रिया सम्पन्न र EXIM Code वितरण समेत गरिएको ।
- यस कार्यालयमा रहेका पुराना काम नलाग्ने मालसामानको रितपूर्वक लिलाम कार्य सम्पन्न भएको ।

**(च) सूचना अधिकारीको नाम र पदः- कुलराज ज्ञवाली, निर्देशक**

**(छ) ऐन, नियम, विनियम र निर्देशिकाहरुको सूचीः-**

**ऐनहरुको सूचीः**

- भन्सार ऐन, २०६४
- सालवसाली आर्थिक ऐनहरु

- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९
- सार्वजनिक खरिद ऐन, २०६३
- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
- राजस्व चुहावट नियन्त्रण ऐन, २०५२
- मू.अ.कर ऐन, २०५२
- अन्तःशुल्क ऐन, २०५८
- वातावरण संरक्षण ऐन, २०५३

**नियमहरुको सूचीः**

- भन्सार नियमावली, २०६४
- विदेशी विनिमय नियमहरु, २०२०
- सार्वजनिक खरिद नियमावली, २०६४
- निकासी पैठारी नियमहरु २०३४
- राजस्व चुहावट (अनुगमन तथा नियन्त्रण) नियमावली २०७०
- मू.अ.कर नियमावली २०५३
- अन्तःशुल्क नियमावली २०५९

**विनियम, निर्देशिका वा आदेशहरुको सूचीः**

- जाँचपास पछिको परीक्षण कार्यविधि २०७२
- कर्मचारी सरुवा निर्देशिका २०७१
- भन्सार मूल्यांकन निर्देशिका २०६८
- भन्सार कार्यविधि, २०६७
- भन्सार कार्यालयवाट जाँचपास भएका मालवस्तुहरु सीलबन्दी कन्टेनरवाट ढुवानी गर्ने र ढुवानी साधन पैठारी गर्न प्रकृया सम्बन्धी कार्यविधि, २०७१
- नीजि गुण्टा झिटी भारी सम्बन्धी सूचना, २०७३
- निकासी पैठारी सम्बन्धी वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेपाल राजपत्रमा मिति २०६६/०७/१६ मा प्रकाशित सूचना ।
- निकासी पैठारी संकेत नम्बर सम्बन्धी कार्यविधि, २०७३

- भन्सार विभागको प्रयोगशालाको संक्षिप्त कार्यविधि - २०७१
- UN Convention against Tariff in Narcotic Drugs and Psychotropic substances, 1998.
- Single Convention on Narcotics Drugs, 1961
- Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES)
- WCO GATT Valuation Guidelines
- WCC SAFE Framework Guidelines
- WCC PCA Guidelines Volume I
- WCC PCA Guidelines Volume II
- Convection on Harmonised Commodity  Description and Coding System (HS), 1988
- Revised Kyoto Convention, 2002
- Trade Facilitiation Agreement,2014
- परिपत्र संग्रह

**(ज) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः-**

| | शिर्षक नं. | निकासा |
|---|---|---|
| श्रावण देखि असार महिनासम्म चालु तर्फ | ३०५०१८३ | रु. ८०११३९०२।५५ |
| श्रावण देखि असार महिनासम्म चालु तर्फ | ३०५३२१३ | रु. ३६२४७५६१।५४ |
| श्रावण देखि असार महिनासम्म पुंजीगत तर्फ | ३०५०१८४ | रु. २९१५५१९।०० |
| श्रावण देखि असार महिनासम्म पुंजीगत तर्फ | ३०५३२१४ | रु. १७०८१४६७९।७५ |

**बैशाख देखि असार महिनासम्म कूल राजस्व आम्दानी रु. ६२७४११६४०००।००**

(विभाग अन्तर्गत कार्यालयहरुको अभिलेख अनुसार)